# तपाईंको केसमा आएका परिवर्तनको सूचना कसरी दिने?



**यदि तपाईँलाई केही परिवर्तन आयो भने सोको सूचना दिन भनिएको छ भने (थप जानकारीको लागि सूचना दिनुपर्ने आवश्यकतासम्बन्धी ह्याण्डआउट, DFA फाराम २१५ हेर्नुहोस्), तपाईँले २ मध्ये एउटा कुरा गर्न सक्नुहुन्छ:**

१) आफ्नो NH EASY खातामा लगिन (प्रवेश) गर्नुहोस् र अनलाइन माध्यमबाट परिवर्तनको सूचना दिनुहोस्; वा

२) तपाईँको स्थानीय जिल्ला कार्यालयमा फोन गरेर तल दिइएको निर्देशन अनुसार गर्नुहोस्:

- रेकर्ड गरिएको अभिवादन सुनिसकेपछि, 0 दबाउनुस् । (तपाईँलाई सपोर्ट कर्मचारी वा उनीहरूको श्रव्य सन्देशमा सम्पर्क गाँसिदिन्छ) ।
- सपोर्ट कर्मचारीलाई निम्न सूचनाहरू दिनुहोस्, वा श्रव्य सन्देश छोड्नुहोस्:
  - ⇒ तपाईँको पूरा नाम - र कृपया बिस्तारै थरको हिज्जे गर्नुहोस्;
  - ⇒ तपाईँको जन्ममिति (महिना, मिति, र वर्ष);
  - ⇒ तपाईँको केस नम्बर वा RID नम्बर वा MID नम्बर - यी सबै नम्बरहरू हामीले पठाएका कुनै पनि पत्रमा पाउन सक्नुहुन्छ;
  - ⇒ तपाईँको टेलिफोन नम्बर; र
  - ⇒ तपाईँको केसमा आएको परिवर्तनको प्रकार । (परिवर्तनका प्रकार र प्रत्येकको लागि तपाईँले दिनुपर्ने जानकारी)
    - *बासस्थान परिवर्तन:*
      - * नयाँ ठेगाना र तपाईँ सर्नुभएको वा सर्न लाग्नुभएको मिति बताउनुहोस् ।
    - *नयाँ रोजगारी (नोकरी):*
      - * तपाईँको नयाँ रोजगारदाताको नाम र ठेगाना, तपाईँले काम गर्न शुरु गरेको वा शुरु गर्न लागेको मिति र पाउने तलबदर बताउनुहोस्।
    - *रोजगारी गुमेको:*
      - * रोजगारदाताको नाम, तपाईँले अन्तिम दिन काम गरेको मिति, तपाईँले तलब पाउनुभएको अन्तिम मिति, र नोकरी गुमाउनुको कारण बताउनुहोस् ।
    - *आयमा परिवर्तन:*
      - * तपाईँको घरधुरी आयमा आएको घटबढ, परिवर्तन भएको मिति, परिवर्तन भएको रकम, र परिवर्तन हुनाको कारण बताउनुहोस् ।
    - *परिवार संख्या:*
      - * तपाईँको परिवारबाट बाहिर जाने वा थपिने व्यक्ति(हरू)को नाम, उनीहरूको सामाजिक सुरक्षा नम्बर, र उनीहरूले छोडेर गएको वा तपाईँको परिवारमा आएको मिति बताउनुहोस् ।
    - *अन्य परिवर्तन:*
      - * परिवर्तनको बारेमा सम्भव भएसम्म धेरै जानकारी दिनुहोस् ताकि तपाईँले हामीलाई उपलब्ध गराउनुपर्ने प्रामाणीकरणको निर्धारण गर्न सकियोस् ।

**माथिका सूचनाहरू उपलब्ध गराएको ५ दिनभित्रमा तपाईँले एउटा पत्रसँग भर्नुपर्ने थप फारामहरू पाउनुहुनेछ । ती फारामहरू भरेर हामीलाई पठाउनुपर्नेछ । यदि पाँच दिनभित्रमा हामीबाट केही कुरा प्राप्त गर्नुभएन भने, <u>कृपया फोन गर्नुहोला</u> ।**

**यदि तपाईंको परिवर्तनको सम्बन्धमा थप जानकारी चाहिएमा हामी तपाईँलाई सम्पर्क गर्नेछौं ।**

**<u>तपाईँले कुनै परिवर्तन आएमा यो नम्बरमा २४सै घण्टा, हप्तामा सातै दिन सूचना दिन सक्नुहुन्छ ।</u>**

**तपाईँले परिवर्तनको बारेमा लिखित रूपमा पनि सूचित गराउन सक्नुहुन्छ । माथि मागिएका जानकारी आफ्नो स्थानीय जिल्ला कार्यालयमा आफ्नो परिवार सेवा विशेषज्ञलाई पठाउन सक्नुहुन्छ र/वा DFA फाराम ४७०, परिवर्तन सूचना फारामको प्रयोग गर्नुहोस् । तपाईँको केसमा परिवर्तनको प्रमाणीकरण गर्न आवश्यक DFA फाराम ४७० र अधिकांश अन्य फारामहरू निम्न वेबसाइटहरूमा प्राप्त गर्न सकिन्छ: http://www.dhhs.nh.gov/dfa/forms.htm र http://www.dhhs.nh.gov/dfa/apply.htm ।**